नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री रूद्रनाथ बस्याललाई मिति २०४७।५।७ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय बाँकेका प्र. जि. अ. श्री बागेश्वरी दत्त बटौत बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि. से. नि. २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री उमानाथ आत्रेलाई मिति २०४७।४।१८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
(कानून अधिकृत) उपसचिव

## निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगका सचिव श्री अच्युतनारायण राजभण्डारी मिति २०४७।५।९ देखि संयुक्तराज्य अमेरिकाको भ्रमणमा जानुभएकोले निर्वाचन आयोगले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी यसै आयोगका सह-सचिव श्री बुद्धरत्न शाक्यलाई सो सचिव पदमा मिति २०४७।५।९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बुद्धरत्न शाक्य
का. मु. सचिव
निर्वाचन आयोग

९२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।